☎०६६-४०२२६

सुन्दरबजार नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
(रोजगार सेवा केन्द्र)
सुन्दरबजार, लमजुङ
गण्डकी प्रदेश, नेपाल

मिति : २०७८।३।८

पत्र संख्या : २०७७/०७८
चलानी नं. : १६५५

**श्री वडा कार्यालयहरु (सबै),**
**सुन्दरबजार नगरपालिका, लमजुङ ।**

**बिषय : आयोजना बैंक तयारीको लागि योजनाहरु पेश गर्ने सम्बन्धमा ।**

प्रस्तुत बिषयमा आर्थिक वर्ष २०७८/०७९ को लागि रोजगार सेवा केन्द्रमा सूचिकृत बेरोजगारहरुलाई रोजगारीमा संलग्न गराउन **आयोजना बैंक** तयार गर्नुपर्ने भएकोले तल बुँदामा तोकिएका क्षेत्र भित्र पर्ने गरी कम्तीमा २ वटा मर्मत सम्भार र २ वटा नयाँ निर्माणका श्रममुलक योजनाहरु पत्रको मितिले एक हप्ता भित्र रोजगार सेवा केन्द्रमा पेश गर्नुहुन जानकारीका लागि अनुरोध गरिन्छ ।

**प्रस्तावित योजनाहरु पेश गर्ने खाका**

| सि.नं. | योजनाको नाम | योजना संचालन हुंने स्थान/गाउँ | योजनाको प्रकृति (नयाँ निर्माण वा मर्मत सम्भार) | अनुमानित रकम (रु.) | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |

**योजना तयारीका क्षेत्रहरु**

**१. सडक निर्माण तथा मर्मत सम्भार :** राष्ट्रिय तथा प्रादेशिक सडकबाट गाउँ वा नगर जोड्ने सडक निर्माण तथा मर्मत, कृषि सडक, स्थानीय तहभित्रका सार्वजनिक संरचना तथा संस्थाहरु जोड्ने सडकहरु आदि ।

**२. कृषि तथा सिंचाई :** सिंचाई कुलो निर्माण तथा मर्मत संभार, पोखरी तथा पानीको मुल संरक्षण, कृषि तथा पशुपन्छीजन्य उत्पादनको भण्डारण, शित भण्डार, हाट बजार, तरकारी तथा फलफुल संकलन तथा बिक्री केन्द्र निर्माण आदि ।

☎ ०६६-४०२२६

सुन्दरबजार नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
(रोजगार सेवा केन्द्र)
सुन्दरबजार, लमजुङ
गण्डकी प्रदेश, नेपाल

**३. ग्रामिण खानेपानी :** खानेपानी आयोजना निर्माण, पाइपलाईन विस्तार तथा मर्मत सम्भार आदि ।

**४. स्वास्थ्य सरसफाई :** सरकारी अस्पताल, स्वास्थ्य चौकी/केन्द्र र प्रसुती गृह निर्माण तथा मर्मत सम्भार, सार्वजनिक शौचालय निर्माण तथा मर्मत, फोहोर व्यवस्थापनका लागि पूर्वाधारको निर्माण तथा सो को मर्मत आदि ।

**५. शिक्षा :** सरकारी बिद्यालय भवन, सार्वजनिक पुस्ताकलय तथा बिद्यालय परिसरमा शौचालय, खानेपानी धारा, खेल मैदान, कम्पाउण्ड पर्खाल निर्माण तथा मर्मत सम्भार आदि ।

**६. वन तथा जलाधर :** फलफूलको बिरुवा रोपण, बृक्षा रोपण तथा वन जंगल संरक्षण, पहिरो तथा नदी नियन्त्रण, साना बाँध निर्माण आदि ।

**७. पर्यटन :** पदमार्ग निर्माण तथा मर्मत सम्भार, पदमार्ग तथा पर्यटकीय क्षेत्रमा सेड, बिश्राम स्थल तथा चौतारो निर्माण तथा संरक्षण, उच्च महत्वका प्रसिद्ध पर्यटकीय स्थलको मर्मत सम्भार तथा संरक्षण आदि ।

**नोट:**

१. प्रस्तावित रकम प्राथमिकिकरणमा परेका सूचीकृत बेरोजजगारहरुको संख्या, योजनाको प्रकृती, प्राविधिकको लागत अनुमान, प्राप्त सशर्त तथा बिनियोजित बजेट, कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (संचालन तथा व्यवस्थापन) कार्यबिधि, २०७७ र युवा रोजगारीको लागि रुपान्तरण पहल आयोजना (संचालन तथा व्यवस्थापन) कार्यबिधि, २०७६ अनुसार एकिन गरी आयोजना बैंकबाट योजना प्राथमिकिकरण पश्चात कार्यपालिकाबाट निर्णय गरी कार्यान्वयन गरिनेछ ।

२. नेपाल राजपत्र भाग ५ मिति २०७८/१/२० को सूचना अनुसार श्रमिकको न्यूनतम पारिश्रमिक रु. ५७७ तोकिएकोछ ।

३. प्रस्तावित योजनामा वडा कार्यालयले बजेट साझेदारी गर्ने भए कैफियतमा साझेदारी गर्ने रकम खुलाउनुपर्नेछ ।

..............................

(दिबाकर पौडेल)

प्रमुख प्रशासकीय अधिकृत